# "समुदायमा सरकारी वकील कार्यक्रम"
# लागू औषध सम्बन्धी कानूनी सचेतना कार्यक्रम
# (विद्यार्थीहरुसँग)

## <u>प्रतिवेदन</u>

मितिः २०८३ साल असार ९ गते

आयोजक

जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

<u>प्रतिवेदक</u>

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली

जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट ।

विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | २ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ३ |
| ६. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ४ |
| ७. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ५ |
| ८. | आगामी कार्यक्रमका लागि सुझाव | ५ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ६ |
| | ख) कार्यक्रमका सहभागीहरूको नामावली | ७ |
| | ग) कार्यक्रमको तस्विर | ११ |
| | घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १२ |

# कार्यक्रमको संक्षिप्त प्रतिवेदन

## १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
लागू औषध सम्बन्धी कानूनी सचेतना कार्यक्रम (विद्यार्थीहरुसँग)

२) कार्यक्रम सञ्चालन स्थानः श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका, वडा नम्बर ३, जाजरकोट।

३) आयोजकः जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

४) मितिः २०८३।३।९

५) कार्यक्रम अवधिः विहान ०९:०० बजेदेखि ११:०० बजेसम्म

६) सहभागी संख्याः महिलाः ३१, पुरूषः २८ जम्माः ५९

७) कार्यक्रम संयोजन

क) संयोजकः सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

ख) सह-संयोजकः नायव सुब्बा श्री गणेशबहादुर घर्ति

ग) प्रतिवेदकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल र सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली

घ) सहयोगीः हलुका सवारी चालक श्री उमेश चन्द र कार्यालय सहयोगी दिपक वली

## २. कार्यक्रमको उद्देश्य

१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने ।

३) लागू औषध सम्बन्धमा समुदायको कानूनी सचेतना अभिवृद्धि गराउने ।

४) लागू औषध सम्बन्धमा समुदायले उठाएका जिज्ञासाहरूको सम्बोधन गर्ने।

## ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, श्री जिल्ला सरकारी वकील कार्यालय जाजरकोट ।

२) दोस्रो कार्यपत्रः लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, श्री जिल्ला सरकारी वकील कार्यालय जाजरकोट ।

## ४. छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

**श्री एस्तर शाही**

**विद्यार्थी, कक्षा १२, श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका ।**

- लागू औषध सेवनकर्तालाई लागू औषधको कुलतबाट बाहिर ल्याउन मनोसामाजिक परामर्श निकै आवश्यक पर्ने देख्छु । लागू औषधमा युवा वर्ग फस्दै गएकाले यसको सचेतना र रोकथामका लागि विद्यार्थी सहित सबै क्रियाशील हुन जरुरी छ।

**श्री विजय वि.क.**

**विद्यार्थी, कक्षा १२, श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका ।**

- आफूलाई हाल सम्म सरकारी वकीलको काम कारबाही बारे जानकारी नभएकोमा कार्यक्रममा सहभागी हुँदा सरकारी वकीलको काम कारबाहीबारे जानकारी भएको छ।
- लागू औषधको सेवन र बिक्री वितरणले व्यक्ति र समुदायमा पार्ने असरबारे जानकारी हुनुका साथै यस किसिमका कार्यक्रम विद्यार्थीका लागि प्रभावकारी रहेको छ।

**श्री स्मारिका विश्वकर्मा**

**विद्यार्थी, कक्षा १२, श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका ।**

- सरकारी वकीलको काम कारबाही र लागू औषध सम्बन्धी कानूनी व्यवस्था, लागू औषधको प्रयोगले पार्ने असर तथा रोकथाम र नियन्त्रणका लागि गर्नुपर्ने कार्यका सम्बन्धमा विद्यार्थीका लागि सचेतना कार्यक्रम आयोजना हुनु ज्ञानवर्धक र उपयोगी भएको छ।

**श्री विष्णु के.सी.**

**प्रहरी सहायक निरीक्षक, अस्थायी प्रहरी पोष्ट ठाँटी, भेरी नगरपालिका।**

- लागू औषधको कुलतमा फसेपछि त्यसको असरबाट व्यक्तिको जीवन सँगै परिवार र समाजलाई समेत असर पर्ने भएकाले विद्यार्थीले आफू पनि लागू औषधको कुलतमा नफसी अरुलाई समेत लागू औषधको कुलतबाट जोगाउन कार्यक्रममा प्राप्त गरेको कानूनी सचेतनाका बारेमा जानकारी दिनुपर्छ ।

**श्री सहदेव जंग शाह**

**जिल्ला कानूनी सहायता अधिकारी, जिल्ला कानूनी सहायता समिति, जाजरकोट**

- सरकारवादी फौजदारी मुद्दाको विषयमा जानकारी दिन तथा लागू औषधको कुलतमा फस्दा पर्ने शारीरिक र मानसिक असरहरु तथा लागू औषधको सेवन तथा कारोबार

गर्दा हुने सजायका बारेमा विद्यार्थीहरुले कार्यक्रममा जानकारी पाएको विषयका सम्बन्धमा परिवार र अरु व्यक्तिलाई समेत कानूनी सचेतना गराउनुपर्छ ।

- जिल्ला कानूनी सहायता समितिले विपन्न असमर्थ पक्ष तथा लैङ्गिक हिंसा र घरेलु हिंसामा परेका व्यक्तिलाई निशुल्क कानूनी सहायत उपलब्ध गराउने गर्छ ।

**श्री पार्वती थापा**

**प्रधानाध्यापक, श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका ।**

- कानूनको पालना सबैले गर्नुपर्ने उल्लेख गर्दै कुनै कसूर गरेमा कानूनको जानकारी थिएन भनेर उन्मुक्ति प्राप्त नहुने भएकाले सबैले कानूनी रुपमा सचेत भई कानूनको पालना र कार्यान्वयन गर्नुपर्छ ।
- विद्यार्थी र युवा वर्गलाई लागू औषधको कूलतबाट जोगाउन लागू औषध सम्बन्धी कानूनी सचेतना कार्यक्रम उपयोगी भएको छ ।
- विद्यार्थी र युवा वर्गलाई लागू औषधको कूलतबाट जोगाउन लागू औषध सम्बन्धी सचेतना कार्यक्रम उपयोगी हुन्छ । दुर्व्यसनीबाट जोगाउन यस किसिमका कार्यक्रम समुदाय स्तरसम्म हुन जरुरी छ।
- विद्यार्थीले आफू पनि लागू औषधको कुलतबाट जोगिएर लागू औषधको सेवन, ओसारपसार, बिक्री वितरणमा सजाय हुने कानूनी व्यवस्थाका बारेमा यसको जानकारी घर सम्म पुर्याउनुपर्छ । लागू औषधको रोकथाम र नियन्त्रणका लागि समाजका सबै वर्ग क्रियाशील हुनुपर्छ।
- सरकारवादी फौजदारी मुद्दामा सरकारले सत्य तथ्य जाँच गर्दा सहयोग मागेको अवस्थामा सबै नागरिकले सहयोग प्रदान गरेर नागरिक कर्तब्य पुरा गर्नुपर्छ।

## ५. छलफलमा उठेका विषयहरूको सम्बोधन

कार्यक्रममा सहभागीले उठाएका जिज्ञाशाहरुको सम्बोधन कार्यपत्र प्रस्तोता जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले सम्बोधन गरी कार्यक्रम समापन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

**श्री नगेन्द्र लम्साल**

**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट**

- लागू औषध दुर्व्यसनी र कारोबारको नियन्त्रणका लागि समुदायका हरेक वर्ग सचेत भई स्थानीय तह र अन्तर्गतका वडाले वडामा क्रियाशील संघ संस्थाहरु, शिक्षण संस्था र टोल समितिहरुसँग सहकार्य गरी रोकथाम नियन्त्रणका कार्यहरु र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै लागू औषध दुर्व्यसनीलाई सुधार गृहमा राख्ने कार्यका लागि परिवारका सदस्यहरुलाई प्रोत्साहित गरी लागू औषध दुर्व्यसनीमा फसेका

मानिसहरुका लागि सामाजिक पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिएमा लागू औषधको प्रयोग र कारोबारको न्यूनीकरण गर्न सहयोग पुग्छ।

- लागू औषध दुर्व्यसनी र लागू औषधमा पक्राउ परेका ब्यक्तिहरुलाई मनोसामाजिक परामर्श र सामाजिक पुर्नस्थापनामा राखि समाजले सकारात्मक रुपमा लिई समुदाय र परिवारले हौसला र प्रेरणा प्रदान गर्न जरुरी हुन्छ । यसका लागि सामाजिक अभियानको रुपमा कार्यक्रमहरु संचालन गर्न जरुरी छ।
- जाजरकोट जिल्लामा लागू औषध सम्बन्धी सरकारवादी फौजदारी मुद्दाको संख्या बढिरहेकोमा लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्न तथा लागू औषध बिक्री वितरणको कार्य रोकथामका लागि समुदाय क्रियाशिल हुनु जरुरी छ।
- विद्यार्थीहरु लागू औषधको कूलत र दुर्व्यसनीबाट टाढै रहि लागू औषधको प्रयोग र कारोबारले समुदायमा पार्ने असर बारे सचेत रहि लागू औषध सचेतना र नियन्त्रण सम्बन्धी कार्यमा संलग्न भई सहयोग गर्न जरुरी छ।
- लागू औषध जस्ता कसूरको रोकथामका लागि समुदाय स्तरमा ब्यापक रुपमा परिवारको सदस्यहरुसम्म त्यसले पार्ने असर र कानूनी सजायको बारेमा जानकारी गराएमा रोकथाम कम गर्न मद्दत पुग्छ । यसका लागि सबै निकायबीच समन्वय र सहकार्य जरुरी देखिन्छ । लागू औषध दुर्व्यसनीमा फसेको ब्यक्ति विस्तारै लागू औषध सेवनका लागि कारोबारतर्फ क्रियाशील हुने तथा लागू औषध खरिदका लागि चोरी र डाँका जस्ता क्रियाकलापमा समेत क्रियाशील हुने भएकाले आफ्नो घर परिवारको सदस्य, साथी र छिमेकी कसैलाई पनि यस्तो कुलतमा फस्न नदिन र फसेकालाई लागू औषध दुर्व्यसनबाट छुटाउने कार्यमा समाजमा सबै वर्ग क्रियाशील हुन जरुरी छ ।

कार्यक्रममा विद्यार्थी, शिक्षक, प्रहरी, जिल्ला कानूनी सहायता अधिकारी, सरकारी वकील र कर्मचारी गरी ५९ जनाको सहभागीता रहेको थियो। उक्त कार्यक्रमको सञ्चालन जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटका सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवालीले गर्नुभएको थियो ।

## ६. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- लागू औषधले समाजमा पुर्याउने असर, लागू औषध सेवन तथा कारोवार गर्दा हुने सजाय र लागू औषध सेवनकर्ताले देखाउने लक्षणका सम्बन्धमा सचेतना वृद्धि भएको छ।

- सरकारवादी मुद्दाको अनुसन्धानमा लागू औषध लगायतका मुद्दामा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ।

## ७. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

## ८. आगामी कार्यक्रमका लागि सुझाव

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

**अनुसूचीहरू**

**क) कार्यक्रम तालिका**

**"समुदायमा सरकारी वकील कार्यक्रम"**

**लागू औषध सम्बन्धी कानूनी सचेतना कार्यक्रम विद्यार्थीसँग**

मितिः २०८३।०३।०९ गते समयः विहान ०९:०० बजेदेखि ११:०० बजेसम्म

कार्यक्रम स्थानः श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका, वडा नम्बर ३, जाजरकोट ।

आयोजकः जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट।

कार्यक्रम सञ्चालकः सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली।

| | |
|---|---|
| ०९:००-०९:१० | उपस्थिति<br>कार्यक्रम अध्यक्षताः जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल<br>प्रमुख अतिथिः त्रिभुवन माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री पार्वती थापाज्यू,<br>जिल्ला कानूनी सहायता समिति जाजरकोटका जिल्ला कानूनी सहायता अधिकारी श्री सहदेव जंग शाहज्यू<br>अस्थायी प्रहरी पोष्ट ठाँटीका प्रहरी सहायक निरीक्षक विष्णु के.सी.<br>कार्यक्रममा उपस्थित शिक्षक, कर्मचारी, प्रहरी र विद्यार्थीज्यूहरु।<br>सहभागीहरु बीच परिचय। |
| ०९:१०-०९:४० | सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय जाजरकोट |
| ०९:४०-१०:१० | लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय जाजरकोट |
| १०:१०-१०:४० | खुला छलफल/जिज्ञाशाको सम्बोधन सरकारी वकील र प्रहरी अनुसन्धान अधिकारीबाट |
| १०:४०-११:०० | मन्तब्यः अस्थायी प्रहरी पोष्ट ठाँटीका प्रहरी सहायक निरीक्षक विष्णु के.सी.ज्यू<br>जिल्ला कानूनी सहायता समिति जाजरकोटका जिल्ला कानूनी सहायता अधिकारी सहदेव जंग शाहज्यू<br>प्रमुख अतिथिः त्रिभुवन माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री पार्वती थापाज्यू,<br>कार्यक्रम समापनः जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल |

**ख) कार्यक्रमका सहभागीहरूको नामावली**

**"समुदायमा सरकारी वकील कार्यक्रम"**

**लागू औषध सम्बन्धी कानूनी सचेतना कार्यक्रम**

**विद्यार्थीसँग**

**मितिः** २०८३।०३।०९

**कार्यक्रम स्थानः** श्री त्रिभुवन माध्यमिक विद्यालय, भेरी नगरपालिका, वडा नम्बर ३, जाजरकोट ।

**आयोजकः** श्री जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट।

| क्र.सं. | नाम | लिङ्ग | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|---|
| १ | नगेन्द्र लम्साल | पु | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| २ | पार्वती थापा | म | प्रधानाध्यापक, त्रिभुवन मा.वि. | ९७४६५४५८४७ thapaparbati216@gmail.com |
| ३ | डिल्लीराज ज्ञवाली | पु | जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८४८०२७४५९ dillirajgnyawali27@gmail.com |
| ४ | शहदेवजंग शाह | पु | जिल्ला कानूनी सहायता समिति जाजरकोट | ९८४९६५६१८३ sahadevjungshah@gmail.com |
| ५ | गीता रोकाय | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६४५६६५१२ |
| ६ | कमला रावल | म | विद्यार्थी त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| ७ | मनिशा राना मगर | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७०७८९९७५८ |
| ८ | सपना खत्री | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| ९ | एस्तर शाही | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| १० | प्रकृती शाही | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| ११ | ममता पुन | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |

| | | | | |
|---|---|---|---|---|
| १२ | सुजता शाही | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| १३ | पुजा नेपाली | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७०२५८००२० |
| १४ | लक्ष्मी रावल | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| १५ | कमला बुढा | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९८२२५२६९२१ |
| १६ | प्रेम बहादुर पुन | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७६६९४३६८८ |
| १७ | मोहनप्रकाश पुन | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७०३८३३५११ |
| १८ | विजय वि.क. | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६७५३२५०६ |
| १९ | अर्जुन शाही | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७४३३२२६२८ |
| २० | सुदीप सिंह | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७६१९६७३९९ |
| २१ | मनिषा वि.क. | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७६५८०७७३९ |
| २२ | विपना खड्का | म | विद्यार्थी त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७४९२६३१०१ |
| २३ | सविता बुढा | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९८६६२१५५७९ |
| २४ | रोशनी पुन मगर | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७४४२९७९६९ |
| २५ | कमला घर्ती मगर | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७६६८००९६६ |
| २६ | भावना घर्ती | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७४३३२२५३५ |
| २७ | हरीकला पुन | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७४७५०६५०१ |
| २८ | धनमाया बुढा | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७४९२६३४७० |

| | | | | |
|---|---|---|---|---|
| २९ | बर्षा चन्द | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९८६८९६२२९७ |
| ३० | नन्दा कुमारी बस्नेत | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६९९४११८० |
| ३१ | सोफिया शाह | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६५८०८६६३ |
| ३२ | मनीषा विष्ट | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६७४०८३१५ |
| ३३ | झरना घर्ती | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | - |
| ३४ | स्मारीका विश्वकर्मा | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७४९२६२९०५ |
| ३५ | रञ्जना घर्ती | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६१२७०४२८ |
| ३६ | सुमीत्रा सुनुवार | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७१३०२८३९० |
| ३७ | सम्मान शाही | पु | विद्यार्थी त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६७९११५६१ |
| ३८ | नवीन खत्री | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७४९२६३५५१ |
| ३९ | जीवन विष्ट | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६३९९१९५९ |
| ४० | भुपेन्द्र वली | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | - |
| ४१ | खिम बहादुर पुन | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९८६५२८७४१३ |
| ४२ | तुलाराम पुन मगर | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७६७६२३९८१ |
| ४३ | उर्मिला थापा मगर | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९७६११४१५९१ |
| ४४ | विपना खत्री | म | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - ११ | ९८०५६०८७२१ |
| ४५ | सुवास बुढा | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६२४६००६२ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | सुमन थापा | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९८०६०९१५७३ |
| ४७ | गीता खत्री | म | सहयोगी, त्रिभुवन मा.वि.जाजरकोट | ९८६९७३४९९० |
| ४८ | दिपेन्द्र खड्का | पु | शिक्षक, त्रिभुवन मा.वि. जाजरकोट | ९८६८१८७८९० |
| ४९ | आयुष सिंह सुनार | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९८६६२०८५८६ |
| ५० | हेमन्त रोकाय | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६७५२३७९८ |
| ५१ | अनिल सिंह सुनार | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७६४३१०३८८ |
| ५२ | प्रेम पुन | पु | विद्यार्थी, त्रिभुवन मा.वि. जाजरकोट कक्षा - १२ | ९७४८७३७९७८ |
| ५३ | विष्णु के.सी. | पु | प्र.स.नि.,अस्थायी प्रहरी पोष्ट ठाँटी जाजरकोट | ९८५१२८२३४२ |
| ५४ | अनुप पोखेल | पु | प्र.ज. जिल्ला प्रहरी कार्यालय, जाजरकोट | ९८६८१९२९१३ |
| ५५ | निर्मल खत्री | पु | प्र.ज., अस्थायी प्रहरी पोष्ट ठाँटी जाजरकोट | ९८२०४०११३० |
| ५६ | खिम बहादुर कार्की | पु | सहयोगी, त्रिभुवन मा.वि. जाजरकोट | ९७४९०६३१०७ |
| ५७ | गणेश बहादुर घर्ती | पु | ना.सु, जिल्ला सरकारी वकील कार्यालय जाजरकोट | ९८४०१६१०५९ ganeshgharti2048@gmail.com |
| ५८ | उमेश चन्द | पु | ह.स.चा., जि.स.व.का. जाजरकोट | ९८६८१२९८४७ |
| ५९ | दिपक वली | पु | कार्यालय सहयोगी, जि.स.व.का. जाजरकोट | ९७६२४६३२२१ |

## ग)   कार्यक्रमको तस्विर




समुदायमा सरकारी वकील कार्यक्रमका अन्तर्गत लागू औषध सम्बन्धी कानूनी सचेतना कार्यक्रमका सहभागीहरु ।

## घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

**पहिलो कार्यपत्र**

### १ सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट
२०८३ असार ९ गते

**सरकारी वकीलको परिचयः**

**सरकारी वकील को हुन् :**

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि वोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

**सरकारी वकीलका कामहरूः**

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशनदिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- कानून बमोजिम सजाय छुट दिन सकिने मुद्दाहरुमा सजाय छुटको मागदावी लिई निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने।
- कानूनको विवादमा परेका बालबालिकासँग सम्बन्धित दिशान्तर गर्न मिल्ने मुद्दामा दिशान्तर निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।

- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमाकानूनी राय प्रदान गर्ने ।
- नेपालसरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।
- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासत/निगरानी र कारागार/बालसुधार गृहमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।
- पीडित र जाहेरवालालाई मुद्दाको काम कारबाहीमा सहयोग गर्ने ।
- कानूनले तोकेको मिलापत्र हुन सक्ने सरकारवादी फौजदारी मुद्दामा मिलापत्रको निर्णय गरी सम्बन्धित अदालत र निकायमा पठाउने ।

**नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचनाः**

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)
२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)
३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )
४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

**नेपालमा सरकारी वकीलका पदहरूः**

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ ।महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायव महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।

- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

**सरकारवादी मुद्दाहरूः**

**(क) देवानी मुद्दाहरुः–** सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दाः–** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउज्यान सम्बन्धित कसूरः–** ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, ब्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिरबन्धक, इलाज (उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूरः–** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा, नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्ति बिरुद्धको कसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूरः–** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूरः–** वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुरः–** चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात, सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

**सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्वः**

- अनुसन्धानमा अनुसन्धान अधिकारीलाई निर्देशन दिने।
- अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारीले राय, सल्लाह माग गरेमा सरकारी वकीलले आफ्नो राय वा सल्लाह दिने ।
- प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको बयान/सोधपुछ अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष गराउने ।
- बयान/सोधपुछमा कसूरको सम्बन्धमा खुलाउनु पर्ने आवश्यक कुरा सोध्ने अधिकार सरकारी वकीललाई हुने ।
- सरकारी वकीलले दिशान्तर गर्न मिल्ने मुद्दामा कानूनको विवादमा परेका बालबालिका उपर दिशान्तर सम्बन्धी निर्णय गर्ने ।
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)

- कानूनले तोकेको मिलापत्र हुने सरकारवादी फौजदारी मुद्दामा मिलापत्र सम्बन्धी निर्णय गर्ने ।
- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी वकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

**सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरूः**

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

**समुदायबाट सरकारी वकीलले राखेको अपक्षाः**

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने वित्तिकै छिटो उपलब्ध गराउने ।
- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

**समुदायले थाहा जानकारी पाइराख्नुपर्ने कुराहरूः**

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईंदैन ।
- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईंदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तब्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।
- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर वकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हकहुन्छ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने,सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी)हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलव्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

**धन्यवाद ।**

**दोस्रो कार्यपत्र**

## २ लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट
२०८३ असार ९ गते

### लागू औषधको परिचय

- कुनै पनि औषधी जसको सेवनले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै प्रयोगकर्ताको भावना तथा सोचाइमा विकृत परिवर्तन ल्याउने तत्वलाई लागू औषध भनिन्छ ।
- लागू औषधको सेवनले मानिसको मानसिक चेतना अनुभुति र मनोभावलाई प्रभावित पारी बुझने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याउँछ ।
- कानूनद्वारा निषेधित गाँजा, चरेश, अफिम, कोकिन, मर्फिन, हेरोइन, डाएमर्फिन र मनोद्दीपक औषधीहरु आदि अवैध लागू औषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानूनद्वारा नियन्त्रित लागू पदार्थ हो ।
- लागू औषध (नियन्त्रण) ऐन २०३३को दफा ३मा लागू औषध भन्नाले
  - गाँजा
  - औषधोपयोगी गाँजा
  - अफिम
  - तयारी अफिम
  - औषधोपयोगि अफिम
  - कोकाको झार र पात र
  - अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ।
- नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनु पर्दछ ।
- नेपाल राजपत्र, खण्ड ४४, २०५१ साल जेठ २ मा प्रकाशित (संख्या ५), भाग ३, गृह मन्त्रालयको सूचना अनुसार मनोद्दीपक औषधीहरु (साइकोट्रपिक सब्स्टान्स) भनी पृष्ठ ३ मा उल्लेख भए अनुसारः

  १. एमफटामिन र यसका लवण तथा यसको मूल श्रणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु,

  २. वार्बिटोन तथा यसका लवण तथा यसको मूल श्रणुमा थपरासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु,

  ३. नाइट्राजेपाम,

४. लोराजेपाम,

५. अक्साजेपाम,

६. टिमाजेपाम,

७. डाइजेपाम,

८. क्लोरडाइजिपीक्साइड र

९. क्लोनाजेपाम ।

१०. नेपाल राजपत्र, खण्ड ७४, २०८१ साल जेठ ७ मा प्रकाशित (संख्या ७), भाग ५, गृह मन्त्रालयको सूचना अनुसार Tramadol र Tapentadol औषधीहरुको एकल वा सम्मिश्रण भई बनेका औषधीहरुलाई मनोद्वीपक पदार्थको रुपमा तोकिएको।

## लागू औषधविरुद्धको अन्तराष्ट्रिय दिवस

- By resolution 42/112 of 7 December 1987, the General Assembly of UN decided to observe 26 June as the International Day against Drug Abuse and Illicit Trafficking as an expression of its determination to strengthen action and cooperation to achieve the goal of an international society free of drug abuse. https://www.un.org/en/observances/end-drug-abuse-day(DateAccessed: June 19, 2026, 2083/2/05)
- लागू औषध दुरुपयोग तथा अवैध ओसार-पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस हरेक वर्ष संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णय अनुसार जुन २६ का दिन मनाइन्छ । यस दिवसको मुख्य उद्देश्य लागूऔषधको दुर्व्यसन र यसको अवैध कारोबारबाट समाजमा पर्ने गम्भीर असरहरूबारे जनचेतना फैलाएर लागू औषध मुक्त गराउनु हो ।
- नेपालमा पनि लागू औषध दुरुपयोग तथा अवैध ओसार-पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस प्रत्येक वर्ष विभिन्न कार्यक्रमहरु गरी मनाइन्छ ।
- नेपालमा पनि लागू औषध दुरुपयोग तथा अवैध ओसार-पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस यस वर्ष २६ जुन २०२६ (२०८३ असार १२) लाई देशभर सप्ताहब्यापी कार्यक्रम २० जुन देखि २६ जुन (२०८३ असार ६ देखि असार १२) सम्म "लागू औषधको चुनौती चिनौः सामाजिक समाधानको वाटो खोजौ" नारासहित विभिन्न कार्यक्रम गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आयोजनामा सप्ताहब्यापी कार्यक्रम सञ्चालन भइरहेको छ।

## लागू औषधको वर्गिकरणः

## प्राप्तिको श्रोतको आधारमा

- प्राकृतिक
- कृत्रिम

**कानूनी रुपमा**

- कानूनी
- गैरकानूनी
- नियन्त्रित

**लागू औषध प्रयोगका कारणहरु**

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध दुर्व्यसनका कारणहरू देहाय अनुसारका रहेको छः

- साथीसँगीको दबाब
- मनोरञ्जनका लागि
- उत्सुकता
- खुसी हुन
- मानसिक तनाव
- पारिवारीक समस्या
- डिप्रेसन
- पढाईमा समस्या

**लागू औषध प्रयोगकर्तामा देखिने लक्षणहरु**

- एकान्तमा बस्न रुचाउने तथा वोलचाल कम गर्ने ।
- असमान्य व्यवहार देखाउने । स्वभाव, वोल्ने शैली र पहिचानमा अचानक परिवर्तन आउने।
- विना कारण झगडा बनाएर चाहिने भन्दा बढी पैसा माग्ने र खर्च गर्ने ।
- शरिर कमजोर हुने र दुव्लाउँदै जाने ।
- पढ्न मन नगर्ने ।
- घरबाट पैसा र बहुमुल्य सामानहरु हराउने ।
- अपराध कर्ममा लाग्ने ।
- सौचालयमा लामो समय सम्म विताउने ।
- हाई हाई गर्नु र निद्रा नलाग्नु ।
- शरिरमा काटिएको खत, निलडाम र चोटपटक देखिनु ।
- अध्ययन गर्ने संस्थामा गयल हुने । पढाई बिग्रदै जाने ।
- घरमा अनावश्यक, नयाँ नयाँ र अमिल्दा साथीहरु ल्याउने ।
- घरमा ढिलो आउने र धेरै जसो घर बाहिर बस्ने खोज्ने ।
- छटपटी हुन, थर थर काँप्नु र स्थिर आसननहुनु ।
- सुत्ने र उठने समयमा अचानक परिवर्तन आउनु ।
- मुटुको चाल घटबढ भइरहनु ।

- आँखा रातो हुनु, आँखाबाट आँसु आइरहनु र वोली लरबरिनु ।
- आँखा जुधाएर वा सिधा भएर कुरा गर्न नसक्नु ।
- व्यक्तिगत सरसफाईमा ध्यान नदिनु । एउटै लुगा धेरै दिन सम्म लगाउनु ।
- खानामा रुची नहुनु ।
- अचानक निर्णय बदल्नु वा तुरुन्तै सनकपन देखाउने ।
- दुर्व्यसनसँग सम्बन्धित वस्तुहरुमा ट्याब्लेट, सुर्तीको धुलो, झिलझिले कागज, सिरिन्ज, ब्लेड, सलाई लाइटर, मसिनो पाइप, बेरिएको नोट, औषधिका सिसीहरु, खैरो/सेतो धुलोहरु आदि झोला वा खल्तिमा वा कोठामा भेटिनु आदि ।

## लागू औषध प्रयोग गर्ने तरिका

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध प्रयोगकर्ताले लागू औषध प्रयोग गर्ने तरिका निम्नानुसार रहेको छः

- मुखबाट
- धुँवाबाट
- सुईबाट
- सुँघेर

## लागू औषध सेवनबाट हुने असरहरू

- **शारीरिक असरः** एच.आई.भि.÷एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रूचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।
- **मानसिक असरः** एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।
- **पारिवारिक तथा सामाजिक असरः** पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने, अनैतिक कार्यमा संलग्न हुने इत्यादि ।

## लागू औषध प्रयोगकर्तामा देखिने स्वास्थ्य समस्याहरु

लागू औषधको प्रयोगबाट प्रयोगकर्ताहरूमा

- हेपाटाइटिस B/C,
- क्षयरोग,
- एच.आई.भि./एड्स,
- एस.टि.डी. Sexually transmitted diseases,
- कुपोषण
- विभिन्न स्वास्थ्य समस्या
- लागू औषधको सेवनबाटै व्यक्तिको अकालमा ज्यानै पनि जाने

**प्रयोगकर्ताले लागू औषध प्राप्तिका श्रोतहरू**

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६अनुसार लागू औषध प्रयोगकर्ताले लागू औषध प्राप्तिका श्रोतहरूः

| प्राप्तिको श्रोत | प्रतिशत |
|---|---|
| • साथीसँगी | 67.7 |
| • डुलन्ते विक्रेता | 14.1 |
| • औषधी पसल | 8.4 |
| • अन्य पसल | 7.2 |
| • इन्टरनेटको माध्यम | 2.5 |
| • अन्य | 0.4 |

**लागू औषध (नियन्त्रण) ऐन, २०३३**

दफा ४ निषेध गरिएका कार्यहरु

क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, विक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, सञ्चय गर्न वा सेवन गर्न,

ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधको उत्पादन गर्न,

ग) लागू औषधको निर्माण वा तैयारी गर्न,

घ) लागू औषधको विक्री वितरण गर्न,

ङ) लागू औषधको निकासी वा पैठारी गर्न,

च) लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्न वा ओसार पसार गर्ने,

छ) गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने,

दफा १४ दण्ड सजाय

(१) दफा ४ अन्तर्गत निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछः

क) गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना।

ख) पच्चीसवटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महिना सम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।

ग) पच्चीसवटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पाँच हजार रुपैयाँ देखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

घ) गाँजा उत्पादन, तयारी, खरिद, विक्री, वितरण निकासी वा पैठारी, ओसारपसार तथा संचय गर्ने व्यक्तिलाईः-

१) पचास ग्रामसम्मको भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।

२) पचास ग्रामदेखि पाँचसय ग्रामसम्मको भए एक महिनादेखि एक वर्ष सम्म कैद र एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना ।

३) पाँचसय ग्रामदेखि दुई किलो ग्रामसम्मको भए ५ महिनादेखि दुई वर्षसम्म कैद र दुई हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना ।

४) दुई किलो ग्रामदेखि दश किलो ग्रामसम्मको भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

५) दश किलो ग्रामदेखि माथि जतिसुकै भए पनि दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रुपैयासम्म एक लाख रुपैयाँसम्म जरिवाना ।

ङ) अफीम, कोका वा सोबाट बनेको लागू औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना ।

च) अफीम वा कोकाको खेती गर्ने व्यक्तिलाईः-

१) पच्चीसवटा बोटसम्म भए एक वर्षदेखी तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

२) पच्चीस बोट भन्दा माथि जतिसुकै भए पनि तीन वर्षदेखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

छ) अफिम, कोका वा सोबाट बनेका लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाईः-

१) पच्चीस ग्रामसम्मको कारोवार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

२) पच्चीस ग्रामदेखि एक सय ग्रामसम्मको कारोवार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

३) एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोवार गर्नेलाई पन्ध्र वर्षदेखि जन्म कैद र पाँचलाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिवाना ।

ज) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्वीपक पदार्थ (साईकोट्रपिक सब्स्टान्स) र तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

झ) माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म जरिवाना ।

दफा १६ः बारम्बार अपराध गर्नेलाई थप सजायः यस ऐन अन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐन अन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रुपैयासम्म जरिबाना हुनेछ।

दफा १८ अपराधसित सम्बन्धित मालसामान जफत हुने

**दफा १८क. सम्पत्ति जफत हुनेः** (१) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत निषेध गरिएको कुनै कार्य गरी आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति जफत हुनेछ ।

**लागू औषध सेवन र कारोबार रोकथाम गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु**

- लागू औषध सेवनकर्ताहरुलाई परिवार, साथीभाई, आफन्त र छिमेकीले लागू औषध सेवनकर्ता भएको जानकारी प्राप्त भएमा परिवारका नजिकका सदस्य र सरोकारवालालाई खबर गरी कुलतमा परेको अवस्थाको मूल्यांकन गरी स्वास्थ्य र मनोसामाजिक परामर्श उपलब्ध गराई आवश्यकता अनुसार सुधार गृहमा राख्ने ।
- स्थानीय तह र प्रहरी समेतका सरोकारवालाले लागू औषधको सेवन र बिक्री वितरणले पार्ने असर र सजायका सम्बन्धमा समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- लागू औषध प्रयोगकर्ता र बिक्री वितरणकर्ताको पहिचान गरी प्रहरीलाई सूचना र जानकारी दिने ।
- लागू औषधको प्रयोगको नियन्त्रण, बिक्री वितरण र ओसारपसारको नियन्त्रण र सुधारका लागि स्थानीय तहले प्रहरी सहितका सरोकारवालाहरुको सहभागीतामा योजना र कार्यक्रम निर्धारण गरी कार्यान्वयन गर्ने ।
- लागू औषधको प्रयोग र कारोबार गर्न छोडेका व्यक्तिलाई समाजमा पुर्नस्थापना गर्ने कार्यक्रम सरोकारवालाहरुबाट सञ्चालन गर्ने ।
- लागू औषधको कूलतमा फसेका व्यक्तिलाई परिवार र समाजले कूलतबाट उम्किन हिम्मत, साथ र सहयोग गर्नुपर्ने ।
- लागू औषधले पार्ने असर र सजायका सम्बन्धमा सञ्चारमाध्यममार्फत जानकारी मूलक सामाग्री प्रकाशन/प्रशारण गरी सचेतना अभिवृद्धि गर्ने ।
- स्थानीय तह सहितका सरोकारवालाहरुले लागू औषध सम्बन्धी सचेतना सामाग्री तयार गरी वितरण, प्रचार प्रसार र सचेतना गर्ने ।
- स्थानीय तहको वेभ पेजमा लागू औषध सचेतना सम्बन्धी जानकारी दिने सूचना र अडियो भिडियो सामाग्री राख्ने ।
- लागू औषधको सेवन गर्न छोडेका र सजाय भुक्तान गरी समाजमा पुर्नस्थापना भएका व्यक्तिहरुलाई यसको सचेतना, नियन्त्रण र रोकथामका लागि परिचालन गर्ने ।
- छापा, रेडियो,टेलिभिजन र अनलाइनबाट लागू औषध सचेतना, रोकथाम र नियन्त्रण सम्बन्धी सामाजिक सन्देश प्रकाशन/प्रशारण र कार्यक्रमहरु संचालन गर्ने।
- लागू औषध दुर्ब्यसनकर्ताहरुलाई पुर्नस्थापना गर्न सुधार गृहहरु संचालन गरी दुर्ब्यसनकर्ताहरु तथा बालबालिका र युवालाई लागू औषधको कुलतबाट जोगाउन मनोसामाजिक परामर्श उपलब्ध गराउने ।

- यस किसिमका मुद्दामा व्यक्ति पीडित नहुने तथा प्रहरी प्रतिवेदनबाट मुद्दा चल्ने भएकाले अनुसन्धानको बरामदी मुचुल्का, घटनास्थल मुचुल्का र घटनाविवरण कागज गर्ने स्थानीय मानिसहरुले अधिकाशं मुद्दामा अदालतमा गएर वकपत्र गर्दा मौकाको बरामदी मुचुल्का, घटनास्थल मुचुल्का र घटनाविवरण कागज भन्दा फरक ब्योहोरा लेखाई आफूलाई बरामद भए बारे जानकारी नभएको । प्रहरीले तयार गरेको मुचुल्कामा सही छाप गरिदेउ भनेकाले गरेको तथा कागजको ब्यहोरा थाहा भएन भनी उल्लेख गर्ने गरेको । लागू औषधको कारोबार र दुर्ब्यसनीबाट सामाजिक रुपमा असर पार्ने तथा यसले कुनै एउटा परिवारलाई नभएर समाज, देश र अन्तराष्ट्रिय रुपमा समेत असर पार्ने भएकाले लागू औषधको खेती, निर्माण, ओसारपसार, संचय, कारोबार र लागू औषध दुर्ब्यसनीको रोकथाम र नियन्त्रण सम्बन्धमा अनुसन्धान गर्ने निकाय प्रहरीलाई स्थानीय समुदायबाट सूचना, सहयोग र जानकारी प्रदान गर्नुपर्ने देखिएको ।